नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
# जिल्ला हुलाक कार्यालय
मन्थली, रामेछाप

फोन नं.: ०४८-५४०५०४/०३५
मन्थली
रामेछाप, नेपाल

पत्र संख्याः २०८२/०८३
च.नं.: ११३

मितिः २०८२/०६/२२
ने.सं.:- ११४५ कौलागा १, बुधबार

पटकः दोस्रो पटक म्याद थप गरी संशोधन सहित प्रकाशित ।

विषयः चिठ्ठी/पत्र लेखन प्रतियोगिता सम्बन्धी सूचना ।

श्री रामेछाप जिल्ला स्थित,
माध्यामिक विद्यालयहरु (सबै) ।

उपरोक्त विषयमा यस कार्यालयद्वारा माध्यमिक विद्यालय स्तरीय चिठ्ठी/पत्र लेखन प्रतियोगिता आयोजना गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. चिठ्ठीको शिर्षकः- हाम्रो जिल्ला हुलाकलाई कसरी राम्रो हुलाक बनाउन सकिन्छ ?

२. कार्यक्रमको उद्देश्यः-
- आधुनिक सूचना प्रविधिको युगमा हुलाक सेवालाई विश्वसनीय बनाई SMART POST बनाउनका लागि विद्यार्थीबाट सुधारको खोजी गर्नु ।
- विद्यार्थीहरुलाई हुलाक टिकट तथा चिठ्ठीको महत्व बुझाउनु ।
- विद्यार्थीहरुको चिठ्ठी लेखन सिप र सिर्जनशिलताको विकास गर्नु ।
- उत्कृष्ठ चिठ्ठीपत्रलाई स्थानीय पत्रपत्रिकामा प्रकाशन गरी विद्यार्थीलाई प्रोत्साहित गर्नु ।

३. प्रतियोगितामा सहभागिताः- क) रामेछाप जिल्ला स्थित सामुदायिक/संस्थागत माध्यमिक विद्यालयहरु (प्रत्येक विद्यालयबाट १ जना)
ख) कक्षा ९-१२ सम्मका विद्यार्थीहरुले सहभागीता जनाउन सक्नेछन् ।

४. चिठ्ठीको शब्द सीमाः चिठ्ठी १००० शब्द नघटाई लेख्नुपर्नेछ ।

५. चिठ्ठीको भाषाः चिठ्ठी नेपाली भाषामा लेख्नुपर्नेछ ।

६. प्रतियोगितामा सहभागिता हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको चिठ्ठी साथ आफ्नो नाम थर, ठेगाना, अध्ययनरत कक्षा, विद्यालयको नाम र ठेगाना उल्लेख गरी जिल्ला हुलाक कार्यालय, रामेछापलाई सम्बोधन गरी रु. १० को हुलाक टिकट टाँसी नजिकको हुलाक कार्यालय मार्फत हस्तलिखित चिठ्ठी पठाउनुपर्नेछ ।

७. चिठ्ठी पठाउने अन्तिम मितिः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफ्नो चिठ्ठी मिति २०८२/०६/२७ गतेसम्म पायक पर्ने अतिरिक्त हुलाक कार्यालय/पालिका हुलाक कार्यालय/जिल्ला हुलाक कार्यालय मध्ये कुनै एक हुलाकमा दर्ता गर्नुपर्नेछ ।

८. मुल्याङ्कनका आधारः
- चिठ्ठी/पत्र प्रचलित ढाँचामा हुनुपर्नेछ ।
- चिठ्ठी/पत्र हस्तलिखित र मौलिक हुनुपर्नेछ ।
- चिठ्ठी/ पत्रमा सामान्यतया कार्यान्वयनयोग्य १० सुझाव समेटिएको हुनुपर्नेछ ।

९. पुरस्कारः प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीलाई देहायबमोजिम पुरस्कार नियमानुसार करकट्टी गरी प्रदान गरिनेछ ।
क) प्रथम रु. ५०००।- (पाँच हजार र प्रमाणपत्र)
ख) द्वितीय रु. ४,०००।- (चार हजार र प्रमाणपत्र)
ग) तृतीय रु. ३,०००।- (तीन हजार र प्रमाणपत्र)
घ) सान्त्वना रु. २०००।- (दुइ हजार र प्रमाणपत्र)

६/२२
बैकुण्ठ लामिछाने
निमित्त हुलाक अधिकृत